नेपाल सरकार

# दक्षिणकाली नगरपालिका कार्यालय

## फर्पिङ, काठमाण्डौ

## टिपर खरिद सम्वन्धी सिलवन्दी वोलपत्र माग गरेको सूचना

प्रथम पटक सूचना प्रकाशित भएका मिति :-२०७२/२/१३

यस कार्यालयको लागि आवश्यक टिपर थान १ खरिद गर्नु पर्ने भएकोले निम्नलिखित सर्त भित्र रही आपूर्ति गर्न सक्ने ईच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी बोलपत्र फाराम बुझाउन ईच्छुक फर्म, संस्था तथा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र आफनो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७०।०७१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि साथ फाराम खरिदको आवेदन सहित यस कार्यालयवाट रु.१०००/-(एकहजार) फिर्ता नहुने गरी बुझाएको रसिद संलग्न गरी बोलपत्र फाराम प्राप्त गर्न सकिन्छ ।

२ बोलपत्र फाराम साथ दक्षिणकाली नगरपालिकाको नाममा रहको राष्ट्रिय वाणिज्य बैंक, टेकु शाखाको धरौटी खाता नं. १७००३०४०४४४०२ मा जम्मा गरेको रु.७०,०००/- (सत्तरी हजार) को सक्कल भौचर वा सो रकम बराबरको यस नगरपालिकाको नाममा कुनै (क) बर्गको बाणिज्य बैंकले जारी गरेको फाराम बुझाउने अन्तिम मितिले कम्तिमा १२० दिन मान्य अबधिको बैंक जमानत संलग्न हुनु पर्ने छ ।

३. बोलपत्र पेश गर्दा बोलपत्र फाराम साथ फर्म, संस्था वा कम्पनी दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता, कर चुक्ता भएको प्रमाण पत्र तथा सामान सप्लाई गरेको ३ वर्षको अनुभव सम्बन्धी प्रमाणपत्र लगायत अन्य सम्बन्धित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिको साथै बोलपत्र सम्बन्धि सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था वा कम्पनीको छाप लगाएको हुनु पर्ने छ ।

४. कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाईने छैन ।

५. बोलपत्र फाराम बुझाउदा शिलबन्दी गरी खाम बाहिर टिपर खरिद सम्बन्धि शीलबन्दी बोलपत्र भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ३१ आ दिनको १२ बजेसम्ममा कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ ।

६. दर्ता भएका बोलपत्रहरु सोहि दिन २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको राहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन । फारम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिने छ ।

७. कवोल गरिएको दररेट अंक र अक्षरमा प्रष्टरुपमा भर्नु पर्नेछ । उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिनेछ ।

८. म्याद नाघि आएको, रीत नपुगेको, शर्त राखी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९.स्वीकृत बोलपत्रदाताले सम्झौता गर्न आउँदा कबोल अंकको (मु.अ.कर समेतको) ५ प्रतिशतले हुने जमानत रकम यस नगरपालिकाको नाममा कुनै (क) वर्गको बाणिज्य बैंकले जारी गरेको कम्तिमा एक वर्ष अवधिको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ ।

१०. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराम र करारनामा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

११. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियमानुसार हुनेछ ।